प्रदेश सरकार
# प्रदेश नीति तथा योजना आयोग
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल
☎ ०५७-५२५१३१, ०५७-५२३६८९, ०५७-५२४८४५

प. सं. :-

च. नं. :-

मितिः २०७७।११।०३

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशको सँयुक्त आयोजनामा राष्ट्रिय योजना आयोग र सातवैटै प्रदेशका प्रदेश नीति तथा योजना आयोगका प्रमुख तथा पदाधिकारीहरू बीच योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा एकदिवसीय अन्तर प्रदेश छलफल कार्यक्रम २०७७ फाल्गन २ गते हेटौडामा सम्पन्न भएको छ। उक्त कार्यक्रम बागमती प्रदेशको मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेलज्यूको अध्यक्षतामा सञ्चालन भएको थियो भने उक्त कार्यक्रममा बागमती प्रदेशका आर्थिक मामिला तथ योजना मन्त्री कैलाशप्रसाद ढुङ्गेल, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावादोर्जे लामा, भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयाँल, राष्ट्रिय योजना आयोगका सदस्य डा. मीनबहादुर गुरूङ्ग र डा. रामकुमार फुयाल, सातवटै प्रदेशका योजना आयोगका उपाध्यक्ष तथा पदाधिकारीहरू, बागमती प्रदेशका प्रमुख सचिव तथा सचिवहरू र पत्रकारहरूसमेतको उपस्थिति रहेको थियो। बागमती प्रदेशका प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रा.डा. रामचन्द्र ढकालको स्वागत मन्तब्यबाट शुरू भएको उक्त कार्यक्रमको सञ्चालन आयोगका सचिव डण्डुराज घिमिरेले गर्नु भएको थियो। राष्ट्रिय योजना आयोग र सबै प्रदेशका योजना आयोगहरूको प्रस्तुति सकिएपछि सहभागीहरूबाट थप विचार व्यक्त गरिएको थियो। सो पश्चात सबै प्रादेशिक आयोगका उपाध्यक्षहरू, राष्ट्रिय योजना आयोगका सदस्य, मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र मुख्यमन्त्रीबाट मन्तब्य राखिएको थियो। उक्त कार्यक्रममा मुख्यगरी प्रादेशिक आयोगहरूको नाम र काममा एकरूपता हुनुपर्ने, संघीय र प्रादेशिक आयोगहरू कानुनद्वारा व्यवस्थित हुनुपर्ने, प्रदेशको तथ्याङ्क व्यवस्थापनको लागि संरचना हुनुपर्ने, तहगत समन्वय सशक्त हुनुपर्ने, आयोगहरूबीच समय समयमा अन्तरक्रिया र अनुभवहरूको आदान प्रदान हुनुपर्ने, तीनतहको सरकारहरूले सञ्चालन गर्ने योजनाहरूको मापदण्ड हुनपर्ने, प्रदेशहरूको राजश्वको दायरा बढाउनु पर्ने, आवधिक योजना र दिगो विकास लक्ष्यहरूलाई स्थानीयकरण गर्नुपर्ने, तीनै तहको सरकारका योजनाहरूमा सामजञ्यता कायम हुनुपर्ने, संविधानमा परिभाषित अधिकारका सूचीहरू कार्यान्वयनमा सहजता हुनुपर्ने, आयोजनाहरूको अनुगमन, मूल्याङ्कन, उत्तरदायित्व वहन र अनुभवलाई संस्थागत गर्ने कार्यलाई प्रभावकारी बनाउनु पर्ने, वर्तमान खरीद ऐन, नियमावली र अन्य कानुनले गुणस्तर र नवप्रवर्तनलाई उत्प्रेरित नगर्ने हुनाले त्यसलाई परिमार्जन गर्नुपर्ने, अनुसन्धान र विकासमा जोड दिनुपर्ने, विकासका सूचकहरूमा एकरूपता हुनुपर्ने, विशेषज्ञ जनशक्तिको व्यवस्था हुनुपर्ने, प्रादेशिक योजनाहरू कार्यान्वयन गर्न भूमिसम्बन्धी समस्याहरू समाधान हुनुपर्ने, प्रदेशको योजना तर्जुमा र आयोजना बैंक प्रणालीलाई संस्थागत गर्नुपर्ने लगायतका विषयमा छलफल केन्द्रित रहेको थियो। कार्यक्रमको अन्तमा, छलफलको क्रममा उठेका यी विषयहरूका सम्बन्धमा आयोगहरूबीच साझा अवधारणाको विकास गर्न थप छलफल गरी त्यसलाई संस्थागत गर्न संघीय र प्रदेश सरकारहरूलाई जानकारी र अनुरोध गर्ने सहमति भएको छ। साथै यस प्रकारको अन्तरक्रिया नियमति रूपमा सञ्चालन गर्नु पर्ने निश्कर्षसमेत निकालिएको छ।

०७७।११।३

चिरञ्जीवी प्रसाद पौडेल

Website: www.pppc.bagmati.gov.np E-mail: pradeshyojanahtd@gmail.com